निर्णय नं १

भद्रपुर नगरपालिका वा. नं. ८ मा अवस्थित भद्रपुर नगरपालिकाको स्वामित्वमा रहेको अतिथि गृह प्रयोग विहिन रहेकोले उक्त भवन मर्मत संभार गरी अर्को व्यवस्था नभए सम्मको लागि ट्राफिक प्रहरी कार्यलय चन्द्रगढी झापासमेतलाई प्रयोग गर्न दिने निर्णय गरियो ।

निर्णय नं २

यस नगरपालिकाको वडा नं. २ को कार्यालय प्रयोजनको लागि आफ्नो स्वामित्वको भवन तथा जग्गा नभएकोले साविक पृथ्वीनगर गा.वि. स. वा.नं. ५ हाल भद्रपुर नगरपालिका वा. नं. २ मा रहेको स्व. खगीमाया लिम्वुको छोरा मिहिन प्रसाद लिम्वुको नाममा दर्ता कायम रहेको कि.नं.२६५ वाट वाटो वाहेक १० कट्ठा , रसिला अधिकारीको नाममा दर्ता कायम रहेको कि.नं. वाट ५ कट्ठा गरी जम्मा १५ कट्ठा क्षेत्रफल को जग्गा निशुल्क उपलब्ध गराउने भनी वडा नं. २ को कार्यालयवाट लेखि आएको हुँदा नगर यातायात गुरुयोजना तथा भवन मापदण्डको आधारमा रही सडक रहने शर्त समेत कायम हुनेगरी उक्त जग्गा वा.नं. २ को कार्यालय प्रयोजनको लागि भद्रपुर नगरपालिकाको नाममा दर्ता गरि उपलब्ध गराउने र जग्गा दर्ता प्रक्रियाको लागि लाग्ने दस्तुर नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. ३

भद्रपुर नगरपालिकाको दोश्रो नगरसभावाट स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिकाको वां. नं. ९ मा रहेको जग्गा मा साईन्स सिटी निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि देव ग्रुप ईन्जिनियरिङ कन्सलटेन्सि सप्तरीको प्रस्ताव छनौट भएकोले उक्त संस्थाले पेश गरेको रु १८,१७,२००।- को प्रस्ताव स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भद्रपुर नगरपालिकाको दोश्रो नगरसभावाट स्वीकृत जनसहभागितामा आधारित कार्यक्रम अनुसार ५०/५० प्रतिशत लागत सहभागिता गर्ने कार्यक्रम अनुसार उपभोक्ताको लागत सहित रु २ करोड वजेट विनियोजन गरिएकोमा उपभोक्ताहरुवाट लागत सहभागिता सहित न्यूतम ५० लाखका भौतिक पूर्वाधार विकास संग सम्वन्धित योजनाहरुको प्रस्ताव माग गर्न ३० दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको लागि कानूनी विषयमा राय परामर्श गर्ने प्रयोजनको लागि एक जना कानूनी सल्लाहकार आवश्यक परेकोले वरिष्ठ अधिवक्ता श्री दामोदर सापकोटालाई साविक वमोजिम सेवा सर्त सुविधा वमोजिम वार्षिक रु एक लाख उपलब्ध गराउने गरी २०७५ श्रावण १ गते देखि लागू हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिकाको सवारी साधन मे १ झ ११७ को गाडी मर्मत गर्दा लागेको रु २३४६८९।७० पैसा न्यू सागर अटोपार्टसलाई भुक्तानी दिएको हुँदा सो भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

रोयल क्लववाट नकआउट फुटवल प्रतियोगिता संचालन गर्न सहयोग माग गरेकोमा पेश भएको प्रस्ताव वमोजिम फुटवल प्रतियोगिता संचालन गर्न रु ३०,०००।- कार्यक्रम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग को प.सं. २०७५/०७६ च.नं. ७६२ मिति२०७५ /०६/२५ को रोजगार सूचना केन्द्र हस्तान्तरण सम्वन्धि पत्रवाट रोजगार सूचना केन्द्रमा रहेको भौतिक सम्पति र जनसक्ति सम्वन्धित प्रदेश सरकार र नगरपालिकालाई हस्तान्तरण गर्ने सन्दर्भमा रोजगार सुचना केन्द्रमा रहेको ३ जना कर्मचारी र एक थान दराज यस नगरपालिकालाई हस्तान्तरणको लागि अनुरोध भै आएकोमा कर्मचारी समायोजन प्रक्रिया सम्पन्न भै नसकेको अवस्था र उक्त कर्मचारीहरु यस नगरपालिकालाई आवश्यक नभएको हुँदा सोही व्यवहोरा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ९

भद्रपुर नगरपालिकाको विविध क्षेत्र समेटि तयार गरिएको अडियो गीत तयार गरि नगरपालिका समक्ष प्राप्त भएकोले उक्त गीत तयार गर्न संलग्न श्री गोविन्द रपाल र श्री हरि राईलाई प्रोत्साहन स्वरुप रु ३० हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१०

भद्रपुर नगरपालिकाको सबै वडाहरुको वडा स्तरिय प्रोफाईल तयार गर्न अति आवश्यक देखिएकोले वडा स्तरिय प्रोफाईल तयारीको लागि कार्यशर्त तथा वजेट अनुमान तयार गरी परामर्शदाता छनौट प्रक्रिया सुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.११

भद्रपुर नगरपालिका वा.नं. ५ मा रहेको कोल्ड स्टोरेज भवन भारत सरकारको अनुदान सहयोगमा निर्माणधीन अवस्थामा रहेको र विगत देखि निर्माण कार्य रोकिएको निर्माण व्यवसायी सुनौला खिम्ती निर्माण कम्पनीको तर्फवाट २०७५ माघ महिना सम्ममा सम्पन्न गर्ने अन्तिम प्रतिवद्वता सहित सम्पर्क गर्न आएको हुँदा उक्त कोल्ड स्टोरेज भवन निर्माण सम्वन्धमा हाल सम्मको भौतिक प्रगतिको अवस्था के कस्तो छ बाँकी काम के कति छ बांकी कार्य अगाडी वढाउने सन्दर्भमा के कस्तो विधी प्रक्रिया अगाडी वढाउनु पर्ने हो सो सम्वन्धमा स्थलगत अवलोकन गरी सम्वन्धित निर्माण व्यवसायी समेतलाई सहभागी गराएर प्रतिवेदन तयार गरी आगामी बैठकमा पेश गर्ने प्रयोजनको लागि नगर स्तरीय योजना अनुगमन समितिका संयोजक तथा उप प्रमुख चन्द्रमाया श्रेष्ठको संयोजकत्वमा तपसिल वमोजिमको प्रतिवेदन तयारी समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| उप प्रमुख चन्द्र माया श्रेष्ठ | संयोजक |
| वडा अध्यक्ष वन्धु कार्की | सदश्य |
| घनस्याम लकान्द्रि पूर्वाधार समिति संयोजक | सदश्य |
| शाखा अधिकृत दयाकृष्ण ढकाल | सदश्य |
| लेखा अधिकृत राम प्रसाद लुईटेल | सदश्य |
| इन्जिनीयर आरिफ अली | सदश्य |
| इन्जिनीयर योगेन्द्र रन्जितकार | सदश्य सचिव |

उक्त समितिले प्रतिवेदन तयारीको लागि नगर प्रमुख, ओभरसिङ्ग समितिको संयोजक,कृषि समुहको अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत लाई आमन्त्रित सदश्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

निर्णय नं. १२

भद्रपुर नगरपालिका नगरकार्यपालिको कार्यालयले साविक चद्रगढी गा.वि.स., भद्रपुर नपा, महेशपुर गा.वि.स.) मा साविकमा भवन निर्माण गरी बनेका भवनहरुको नक्सा नियमित पास दस्तुरमा छुट दिए पछि पनि केही नगरवासीहरुको भवनको नियमित घर नक्सा पास गर्न बाँकी रहेको र नक्सा पास गर्न पटक पटक सूचना प्रकाशित गरी पुनः नियमित नक्सा पास गर्न थप ५० पचास प्रतिशत जरिवाना लिई हाल सम्म भवनको नियमित नक्सा पास गर्ने गरिएकोमा अझै पनि केहि नगरवासीहरुको साविकमा वनेका भवनहरुको घरनक्सा नियमित गर्न बाँकी रहेकाले नगरवासीहरुको चाहानालाई ध्यानमा राखि यहि मिति २०७५ पौष मसान्त सम्ममा भवनको नियमित नक्सा पास गर्न आएमा कूल लाग्ने राजश्वमा थप ५० प्रतिशत जरिवाना लिई नियमित नक्सा पास गरि दिने र साविक पृथ्वीनगर गा.वि.स.को हकमा कुल राजश्वमा ८० प्रतिशत छुट गरी नियमित गर्ने र उक्त अवधि भित्र घर नक्सा पास नियमित नगरेमा थप जरिवाना सहित आवस्यक कारवाही भै जाने व्यवहोरा सम्वन्धित सवैलाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. १३

वीरन्द्र क्याम्पस चन्द्रगढी को क्याम्पस भवन निर्माणको लागि आर्थिक सहयोग माग गरेको हुंदा सार्वजनिक सम्पति मर्मत शीर्षकवाट भुक्तानी हुने गरी रु २ लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

यही कार्तिक २७ गतेको छठ पर्वलाई व्यवस्थितरुपमा मनाउन विभिन्न संस्थावाट आर्थिक एवं अन्य सहयोग माग गरेको हुंदा मैथिली सेवा समाजसमेतलाई गत वर्ष उपलब्ध गराएको सहयोगलाई नै निरन्तरता दिने र अन्य ठाउँमा आवश्यकता र औचित्यताको आधारमा उपलब्ध गराउन नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. १५

झापा गाउँपालिका यूवा परिवारवाट भलिवल प्रतियोगिता संचालन गर्न भद्रपुर नगरपालिकालाई सहभागिताकोलागि अनुरोध भई आएकोमा उक्त प्रतियोगितामा संलग्नता गराई नगर प्रमुखज्यूको नेतृत्वमा नगरपालिकाको टिम पठाउने निर्णय गरियो ।

निर्णय नं. १६

कर्मचारीहरुको सेवा सुविधा सम्वन्धि सम्वन्धित विषयगत समितिमा छलफल गरि आगामी वैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

मेलमिलापकर्ताहरुको लागि क्षमता विकासको लागि तालिम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

वडा नं. ३ को वडा समिति सदश्य अरुण राजवंशीको ममतामयी माता विरामी परि औषधी उपचार वापतको रु १५०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १९

आ. व .२०७४/०७५ मा संचालित तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरुलाई क्रमागत रुपमा राखी आ. व .२०७५/०७६ संचालन गर्ने निर्णय गरियो ।